# खजुरा गाउँपालिकाको सामाजिक परिक्षण

# प्रतिबेदन

## आ.व २०७६/०७७

## २०७७ असार




खजुरा गाउँपालिका २ चुच्चेडाँडा देखि बलईपुर हुदै १६ नं. चोक उत्तर नयाँ गुराँसपुर घिमिरे चोक एल गाउँ मुस्क्वा तलाउ निर्माणाधिन कालोपत्रे योजनाको सूचना पार्टी र बाटो ।

## आयोजक

खजुरा गाउँपालिका, बाँके

## सहजिकरण

बास नेपालगन्ज, बाँके

**सामाजिक परिक्षक :** छविलाल सुनार र हेमराज भट्ट

## १. सहजिकरण गर्ने संस्थाको परिचय :-

बास बिगत १९ बर्ष देखि सामाजिक रुपान्तरणका लागि क्रियाशिल गैर सरकारी संस्था हो । २०५७ मंसिर २४ गते स्थापित यो संस्था देशमा ब्याप्त भ्रष्टाचार, अनियमितता, ढिलासुस्ति, घुसखोरी जस्ता बेथितिका बिरुद्ध ससक्त रुपमा क्रियाशिल रहँदै आएको छ । ७३ जिल्ला शाखा, १०० उपशाखा, २० ईकाई र ४२०० युवाहरु आबद्ध भएको यस संस्थाले असल शासन, सामाजिक जवाफदेहिता, सामाजिक सद्भाव, सामुदायिक सुरक्षा, युवा सशक्तिकरण, स्वयंसेवा, बाल अधिकार, बाल संरक्षण, लैंगिक हिँसा न्यूनिकरण, सामुदायिक सशक्तिकरण, सञ्चार र संस्थागत बिकासका क्षेत्रमा काम गर्दै आईरहेकोछ । बास भ्रष्टाचार बिरुद्धको बिश्वव्यापी संस्था ट्रान्सपरेन्सी ईण्टरनेशन नेपालको आबद्ध संस्था हो ।

समाज कल्याण परिषद काठमाण्डौं, ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल काठमाण्डौं, गो-गो फाउण्डेसन, गैर सरकारी संस्था महासंघ नेपाल, गैर सरकारी सँस्था नेटवर्कमा आबद्ध यस संस्थाले बिभिन्न सरकारी निकाय, गैरसरकारी संघ, संस्था तथा अन्तराष्ट्रिय संघ, संस्था, स्थानीय सरकार, निजी क्षेत्रसँगको सहकार्य र सहयोगमा काम गरिरहेको छ ।

## सामाजिक परीक्षण के हो ? :-

स्थानीय सरकार भनेको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, वडा कार्यालयहरु र जिल्ला समन्वय समितिलाई बुझिन्छ । लामो समयको अन्तराल पछि मुलुकमा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भई जनताले आफ्ना प्रतिनिधि पाएका छन् । मुलुकमा भएको राजनीतिक परिवर्तनसंगै जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । नेपालमा सुशासन स्थापनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको संविधान, २०७२ मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानमै स्थानीय तहमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले पनि जनसहभागिता, जनउत्तरदायी, पारदर्शी स्थानीय शासनको परिकल्पना गरेको थियो । त्यसैगरी सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ मा स्थानीय सरकारलाई धेरै अधिकारहरु प्रत्यायोजन गरिएको छ । जस अर्न्तगतको भाग ३ मा सुशासन ब्यवस्थापन कार्यबिधि, सार्वजनिक सुनुवाई कार्यबिधि, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण कार्यबिधि स्थानीय तह आफैले निर्माण गरि लागु गर्नु पर्ने व्यवस्था गरेकोछ । उक्त कार्ययोजनामा हरेक स्थानीय तहहरुले आफुले संचालन गरेका कार्यक्रमहरुको पारदर्शिता, जवाफदेहिता, सूचनाको हक र जनसहभागितालाई प्रबर्द्धन गर्नका लागि सामाजिक परीक्षण गर्नुपर्ने कुरालाई समेत उल्लेख गरिएकोछ ।

स्थानीय तहले एक आर्थिक बर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि बर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्ने प्रावधान सरकारले अगाडि सारेको छ । नेपाल सरकारले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ (१) बमोजिम स्थानीय निकायहरुले एक आर्थीक बर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न **स्थानीय निकाय सामाजिक परीक्षण कार्यबिधि, २०६७** समेत तर्जुमा गरेको छ । जसको प्रमुख उद्धेश्य भनेको

स्थानीय सरकारको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्ग दर्शन गर्नु नै हो ।

स्थानीय सरकारको सामाजिक परीक्षण गर्दा योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थीक तथा सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, बिश्लेषण र मूल्याँकन गरिन्छ । जसले गर्दा सो निकायको पारदर्शिता झल्कनुका साथै कामको प्रभाव समेत बढ्दै जान्छ । यति मात्र नभएर कार्यक्रमको दिगोपना, जनताको भलाई र स्थानीय निकायको सबलिकरणका लागि पनि सामाजिक परीक्षण गर्न आवश्यक छ । सो कार्यक्रममा स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यबिधि अनुसार कार्य गर्न प्रोत्साहन दिईन्छ भने समावेशि र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र लक्षित वर्गलाई ध्यान दिई सेवा प्रवाह गर्न दायीत्वबोध गराउँछ । यहि पृष्ठभुमिमा रहि खजुरा गाँउपालिकाको सामाजिक परिक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण तथा छलफल कार्यक्रम २०७७ असार ३० गते सम्पन्न भएको छ ।

## कार्यक्रमका उद्धेश्यहरु :

- स्थानीय तहलाई जनताप्रति जवाफदेहि बनाई स्थानीय निकायका सरकारका प्रतिनिधि र सर्वसाधारण नागरिक बिचमा विश्वासको वातावरण सिर्जना गर्ने ।
- गाउँपालिकाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउने ।
- गाउँपालिकाले संचालन गरेका कार्यक्रमहरुको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको सरोकारवालाहरुलाई जानकारी गराउने ।
- कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिने ।
- गाउँपालिकाका गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाब संकलन गर्ने ।
- खजुरा गाउँपालिकाको सामाजिक परिक्षण गर्ने ।
- लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्ने ।
- श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण दिने ।
- दिगो र मापदण्ड बमोजिम काम गर्न पृष्ठपोषण दिने ।

**सामाजिक परीक्षणका निर्देशक सिद्धान्तहरु**

- बहुपक्षीय र विस्तृत ।
- सहभागिता मुलक ।
- नियमित ।
- **पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व ।**

***सामाजिक परीक्षणको औचित्य***




***सामाजिक परिक्षण गर्न अपनाईएका बिधि तथा प्रक्रियाहरु :***

१. सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।

२. अन्तवार्ता ।

३. स्थलगत अवलोकन ।

४. समूह केन्द्रित छलफल ।

५. बर्हिगमन अभिमत संकलन (Exit-Poll) ।

६. नागरिक प्रतिबेदन पत्र (Citizen Report Card -CRC) ।

७. सूचनाहरुको संकलन तथा बिश्लेषण ।

८. प्रारम्भिक प्रतिवेदन तयारी ।

९. प्रतिबेदन प्रस्तुतीकरण तथा सामाजिक परीक्षण ।

१०. अन्तिम प्रतिबेदन तयारी ।

## ***सामाजिक परिक्षण अन्तर्गत अवलम्बन गरिएका बिधिहरुको बिस्तृतिकरण :***

- ***सन्दर्भ सामाग्री अध्ययन र समिक्षा ।***

सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि गाउँपालिकाले सञ्चालन गरेका गतिबिधिहरुले पारेको सामाजिक प्रभावको अध्ययनका लागि गाउँपालिकाले प्रकाशन गरेका बुलेटिन, ब्रुसर, बार्षिक प्रतिवेदन, योजना पुस्तक, वेवसाईट, मोवाईल एप्स लगाएतका सन्दर्भ सामाग्रि अध्ययन र समिक्षा गरिएको थियो ।

- ***अन्तवार्ता, स्थलगत अवलोकन र समूह छलफल ।***

सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत गरिने प्रतिबेदन तयारीका लागि गाउँपालिकासँग सरोकार राख्ने बिभिन्न सरोकारवालाहरुको अन्तवार्ता लिईएको थियो । जसमा जनप्रतिनिधिहरु, विभिन्न शाखा प्रमुखहरु तथा अन्य गाउँपालिकाका नागरिकहरु रहेका थिए । गाउँपालिकाद्धारा सञ्चालित विभिन्न योजनाहरुको अवलोकन गरिएको थियो । यसरी अवलोकन गरिएका योजनाहरुमा सडक, भवन निर्माण, पार्क निर्माण, वाल पर्खाल निर्माण, फुटवल स्टेडिएम, ग्राबेल र माटोपटान लगायतका थिए भने गाउँपालिकाले सञ्चालन गरेका दुई ओटा योजनाहरुको लक्षित समुह छलफल समेत गरिएको थियो ।

- ***नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमत संकलन :***

सामाजिक परीक्षणलाई थप प्रभावकारी बनाउन नागरिक प्रतिबेदन पत्र र बर्हिगमन अभिमत पत्र गरि दुई ओटा सर्वेक्षणहरु गरिएको थियो । गाउँपालिकामा सेवा लिएका विभिन्न वडाका ५० जना सेवाग्राहीहरुसँग नागरिक प्रतिबेदन पत्रको पश्नावली फर्म नै भरेर उनीहरुको अभिमत संकलन गरिएको थियो भने गाउँपालिका कार्यालयमा सेवा लिएर फर्किएका ५० जनाको तत्कालको प्रतिक्रिया लिई बर्हिगमन अभिमत संकलन गरिएको थियो ।

- **सूचनाहरुको संकलन तथा बिश्लेषण**

*सामाजिक परीक्षण अर्न्तगत* सन्दर्भ सामाग्री अध्ययन, गाउँपालिकाको अन्लाईन साईट, वईबसाईट अवलोकन, अन्तरवार्ता, स्थलगत अवलोकन, कार्यालय अवलोकन, कार्यसम्पादन प्रतिवेदन, नीति, योजना तथा आयोजनाहरु, लेख तथा अनुसन्धान प्रतिवेदन, नागरिक प्रतिबेदन पत्र, बर्हिगमन अभिमत संकलन लगायत विभिन्न माध्यमहरुबाट संकलन गरिएका सूचनाहरुलाई बिश्लेषण गर्ने काम गरिएको थियो ।

- **प्रारम्भिक प्रतिवेदन तयारी :**

सामाजिक परीक्षण अन्तरगत गरिएका सम्पूर्ण क्रियाकलापहरुको संकलित सूचनाहरुको बिश्लेषणको आधारमा सामाजिक परिक्षण प्रारम्भिक प्रतिबेदन तयारी गरिएको थियो । प्रतिवेदनमा अवलोकन, गाउँपालिकाका विभिन्न योजनाहरुको अध्ययन, स्थानीय विज्ञ र स्थानीय संगको अन्तरवार्ता, नीति, नियम, बैठकको निर्णयबाट प्रप्त तथ्यहरु समेटिएको थियो । गाउँपालिकाको विधुतिय सेवाहरुको र शाखाहरुको वारेमा जानकारी संकलन गरिएको थियो । सामाजिक परीक्षकहरुबाट प्राप्त तथ्यहरुलाई प्रारम्भिक प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार पारिएको थियो ।

✓ ***प्रतिबेदन प्रस्तुतीकरण तथा छलफल :***

बाँकेको खजुरा गाउँपालिकाको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल कार्यक्रम असार ३० गते सम्पन्न भएको छ । खजुरा गाउँपालिकाको आयोजना र बास नेपालगन्जको सहजीकरणमा मंगलबार खजुरामा प्रतिवेदन प्रस्तुतीकरण र छलफल गरिएको हो । बासका निर्देशक हेमराज भट्टले सन्दर्भ सामाग्री अध्ययन र समीक्षा, अन्तरवार्ता, स्थलगत अवलोकन, समूह केन्द्रित छलफल, बर्हिगमन अभिमत संकलन, नागरिक प्रतिवेदनपत्र, सूचनाहरुको संकलन तथा विश्लेषणको विधि र प्रक्रिया प्रयोग गरी तयार गरिएको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेपछि छलफल भएको थियो । प्रतिवेदनले समग्रमा खजुराको कार्यसम्पादन शैली जनप्रतिनिधि र कर्मचारीको समन्वयमा राम्रो भएको देखाएको छ । जनसहभागिताको कमी, सूचना पार्टी कतिपय ठाउँमा नराखेको, हरेक वडामा विषयगत प्राविधिक नहुनु, दरबन्दी अनुसार कर्मचारीमा कमी जस्ता केही कुराहरु बाहेक कानून निर्माणदेखि विकास निर्माण तीव्र गतिमा अगाडि बढाएर सामाजिक रुपान्तरण गर्दै समग्र खजुराको समृद्धिको दिशामा खजुरा अग्रसर रहेको कुरा प्रतिवेदनले बोलेको छ । कार्यक्रममा खजुरा गाउँपालिका अध्यक्ष किस्मतकुमार कक्षपतिले खजुरा समृद्धिका आधारसहित निर्वाचन ताका गरेका वाचा पूरा गरी आगामी निर्वाचित हुने जनप्रतिनिधिलाई काम गर्ने दीर्घकालीन बाटो छोडेर जाने बताए । उनले अहिले ५ वर्षका लागि निर्वाचित जनप्रतिनिधि नयाँ भएकाले केही समस्या हुनु स्वभाविक भए पनि संघियतामा अहिलेका जनप्रतिनिधि संस्थापक भएकाले त्यही अनुसारको भूमिका निर्वाह गरिनु पर्ने बताए । बाँकेका ८ वटा स्थानीय तहमध्ये खजुराले सामाजिक परीक्षणको पाटोलाई समेत अवलम्बन गर्दै आएकोले यो नयाँ शुरुवात भएको अध्यक्ष कक्षपतिले बताए । उनले टुक्रे योजनाहरु अब नबन्ने, इच्छाशक्ति राखेर काम गर्दै जनसहभागितालाई बढाउने प्रयास गरिने प्रतिवद्धता जनाए । उपाध्यक्ष एकमाया विकले सूचना पाटी राख्न योजनामै बजेट छुट्याउने गरे पनि राख्न अटेरी गरेकाले कडाईका साथ जाने बताइन । खजुरा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बमबहादुर केसीले आवश्यकता अनुसार कर्मचारी दर्बन्दि नहुँदा कतिपय कार्यसम्पादनमा समस्या हुने गरेको बताए । खजुराले जनतासम्म सूचना पुऱ्याउन मोबाइल एपदेखि वेभसाइटको समेत प्रयोग गरे पनि त्रैमासिक सूचना प्रकाशित गर्न नसकिएको र हेल्प डेस्कको छुट्टै व्यवस्थापन नभए पनि कर्मचारीबाटै सहयोगी भूमिका निर्वाह गरिएको सो अवसरमा जानकारी दिइयो ।  कार्यक्रममा वडा नं. ४ का अध्यक्ष तिलकविर सुनार, ३ का अध्यक्ष कान्तुराम गौतम, कार्यपालिका सदस्य निशार अलि लगाएतले सुझाव राखेका थिए । कार्यक्रममा ४० बढिको बहुसरोकारवालाहरुको सहभागितामा भएको थियो ।



### ✓ *अन्तिम प्रतिबेदन तयारी तथा पेश*

प्रारम्भिक प्रतिबेदन प्रश्तुतीकरण तथा छलफल पश्चात अन्तिम प्रतिबेदन सहजकर्ताहरु छविलाल सुनार र हेमराज भट्टको समूहले तयार पारि बास संस्था मार्फत गाउँपालिकालाई बुझाएको थियो ।

## खजुरा गाँउपालिका, बाँकेको परिचय :




**गाँउपालिकाको कार्यालय**

## गाँउपालिकाको नक्सा :



**स्थानीय तहको परिचय :**

नेपाल संघिय पुर्न संरचना भएपछि सात प्रदेश मध्ये प्रदेश नं. ५ मा रहेका १२ जिल्लाहरु मध्ये बाँके जिल्लामा १ उप–महानगरपालिका, १ नगरपालिका र ६ गाउँपालिका रहेका छन् । प्रदेश नम्बर ५ को केन्द्र बिन्दु तथा प्रमुख ब्यापारिक शहर नेपालगञ्ज नजिकको खजुरा पनि एक व्यापारिक तथा औद्योगिक क्षेत्रका रुपमा परिचित ठाउँ हो, *खजुरा शहर को नामबाट परिचित भई २०७३ साल फाल्गुन २७ गतेको निर्णय अनुसार खजुरा गाउँपालिकाको रुपमा स्थापित भएको हो । यस गाउँपालिकामा साबिकको बागेश्वरी, सीतापुर, राधापुर, उढरापुर, सोनपुर, रनियाँपुर गाबिसहरु मिलि १०१.९१ वर्ग कि.मिको क्षेत्रफलमा फैलिएको* छ । कृषि, पर्यटनको प्रचुर सम्भाव्यता भएको शैक्षिक विकासको क्षेत्रमा फडको मारेको, खेलकुद र क्यान्सर अस्पताल भएको यस खजुरा नेपालकै प्रमुख कृषि नगदे बालीको रुपमा उब्जाउ गर्न सकिने कपास खेति र सो को लागि स्थापना भएको कपास विकास समिति रहेको छ । खजुरा गाउँपालिकाको कुल जनसंख्या ४८६०४ रहेको र जसमा पुरुष २२५८५, महिला २६०१८ र तेश्रोलिंगी १ रहेको छ । अक्सर बसोबास तथा अनुपस्थित जनसंख्या ५५००३ रहेको छ *(श्रोतः खजुरा गाँउपालिका पार्श्वचित्र २०७६)* । यस गाउँपालिकामा विभिन्न जात जाती, भाषा भाषी, धार्मिक बिविधताका साथै धार्मिक सैहिष्णुता रहेको पाईन्छ ।

**गाँउपालिकाको सिमाना :**

- पुर्वमा जानकि गाउँपालिका ।
- पश्चिममा बर्दिया जिल्ला ।
- उत्तरमा वैजनाथ गाउँपालिका ।
- दक्षिणमा भारतको उत्तरप्रदेश ।
- पूर्व-पश्चिम जोड्ने राजमार्ग वागेश्वरीको विच भाग वाट गएको र गाउँपालिकाको कार्यालय वाट जिल्लाको सदरमुकाम ७ कि.मी को दुरीमा रहेको छ ।

खजुरा गाउँपालिकामा जम्मा वडा ८ वटा रहेका छन् । यस गाउँपालिकाको मुख्य बजार खजुरा १ र खजुरा २ मानिन्छ । भने ग्रामिण शहर विकासको तिब्र चरणमा छन् ।

❖ खजुरा गाउँपालिकाको जनप्रतिनिधिहरुको बिवरण :

गाउँकार्यपालिका संख्या १६ जना, वडा सदस्य संख्या ३२ जना, जम्म जनप्रतिनिधि संख्या ४८ जना ।

❖ खजुरा गाउँपालिकाको जनशक्ति बिवरण :

गाउँपालिकामा कार्यरत कर्मचारी : स्वीकृत कुल दरबन्दि संख्या : ३१जना

स्थायी तर्फ : २० जना

करार कर्मचारी संख्या : ११ जना

**गाँउपालिकामा रहेका शाखाहरुको बिवरण :**

- योजना शाखा ।
- प्रशासन शाखा ।
- लेखा तथा राजस्व शाखा ।
- सूचना प्रविधि शाखा ।
- शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ ।
- स्वास्थ्य शाखा ।
- कृषि शाखा ।
- पशु शाखा ।
- महिला तथा बालबालिका शाखा ।
- रोजगार शाखा ।
- प्राविधिक शाखा ।

**खजुरा गाउँपालिकाका उद्धेश्यहरु :**

- गाउँपालिका स्थित लक्षित बर्गको उत्थान गर्ने ।
- पिछडीएका क्षेत्रहरुको आर्थिक र सामाजिक बिकासमा ध्यान दिने ।
- उपलब्ध स्रोत बिपन्न बर्ग सम्म उपलब्ध गराउने ।
- सहकार्य अभिबृद्धि गर्ने ।
- भौतीक पूर्वाधारको विकास, विस्तार र सुधार गर्ने ।
- स्थानीय सरकारी तथा गैससहरुको कार्य क्षमतामा अभिबृद्धि गरि सँस्थागत विकास गर्ने ।
- प्रभावकारी सुचना प्रवाह गर्ने ।
- स्वच्छ वातावरण कायम गर्ने ।
- सडक विस्तार तथा सरसफाईका लागि अभियान चलाउने ।
- खुला दिशामुक्त अभियान सञ्चालन गर्ने ।
- गाँउपालिकामा सुशासन कायम गर्ने ।
- नागरिकहरुका गुनासो सुनुवाई गर्ने ।
- बाल मैत्री स्थानीय शासनलाई कार्यन्वयन गर्ने ।
- सार्वजनिक निजी साझेदारी नीतिलाई लागू गर्न समन्वयकारी भूमिका निर्बाह गर्ने ।
- वडा कार्यालय तथा बिषयगत शाखाहरुको नियमित अनुगमन गर्ने ।
- गाउँपालिकाको समग्र बिकास गर्ने ।

**गाउँपालिकाले आर्थिक बर्ष २०७६/०७७ का मुख्य उद्धेश्यहरु :**

१. आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान हुने ।

२. उत्पादन मुलक र छिटो प्रतिफल प्राप्त हुने ।

३. राजश्व परिचालनमा योगदान पुग्ने ।

४. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुग्ने ।

५. स्थानिय श्रोत र साधनमा आधारित भई जनसहभागितामा अभिवृद्धि गर्ने ।

६. लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धि हुने ।

७. दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थानमा योगदान पुग्ने ।

८. समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।

९. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन हुने ।

१०. आधुनिक, व्यवस्थित र ग्रिन सिटीको विकास गर्ने ।

११. गाउँपालिकालाई शिक्षाको हव क्षेत्रको रुपमा विकास गर्ने ।

१२. दिगो विकास र वातावरण संरक्षण ।

**गाउँपालिकाका महत्वपूर्ण उपलब्धीहरु :**



- बहुउद्देशिय सभाहल निर्माण भईरहेको ।
- खजुरा खेलकुद ग्राम र औद्योगिक ग्रामको रुपमा परिचित बन्दै ।
- प्रदेश स्तरको बिश्व विद्यालय निर्माणको घोषणा ।
- प्रत्येक बर्ष १६ कि.मि.सडक कालोपत्रे गर्ने योजना ।
- नमुना बिद्यालय र खजुरा कृषि क्याम्पस सञ्चालन ।
- मधेश समुदाय केन्द्रीत बिकास ।
- विभिन्न गौरबका योजनाहरु सञ्चालन ।
- शित भण्डार सञ्चालनको तयारी ।
- गाउँपालिकाको सेवा प्रवाह, बित्तिय व्यवस्थापन, आयोजना व्यवस्थापन, अभिलेख व्यवस्थापन आदि बिषयको नियमित अनुगमन ।
- नियमित गाँउ कार्यपालिकाको बैठक सञ्चालन ।
- शिक्षा ऐन २०७६, शिक्षा निति २०७६, स्वास्थ्य निति २०७६, मानव बेचबिखन बिरुद्धको निति तयार भएको ।
- ई हाजिरी जडान ।
- सूचना पाटीको उचित प्रयोग ।

- उपभोक्ता समितिबाट सञ्चालीत योजना ९९ प्रतिशत सम्पन्न ।
- प्रत्येक वडामा रोजगार उपभोक्ता समिती गठन ।
- बेरोजगारको सुचीमा रहेको ६११ जना बेरोजगारहरु मध्ये २५४ जनालाई रोजगारी प्रदान गरिएको जसमा १४० महिना र ११४ पुरुष रहेको ।
- मेलमिलाप समितिमा सिफारिस २४९ मध्ये १०७ विवादको समाधान गरिएको ।
- हिंसा पिडित १२ जना महिलालाई हाउस किपिङ्ग तालिम सम्पन्न भएको ।
- विभिन्न ऐन कानुन तथा कार्यविधि निर्माण (मानब वेचबिखन तथा ओसार पसरा बिरुद्धको पालिका स्तरीय निति तथा कार्यविधि, बालविवाह बिरुद्धको रणनिति निर्माण, बाल कोष स्थापना, बाल क्लब गठन तथा संचालन कार्यविधि ) निर्माण भएको ।
- ४२९ जना ब्यक्तिहरुलाई अपांगता परिचय पत्र वितरण गरिएको ।
- पालिका स्तीय बाल अधिकार समिति पूर्नगठन भएको ।
- प्रत्येक वडामा जेष्ठ नागरिक सिविर सम्पन्न भएको ।
- २६ पटक बिद्यालय अनुगमन तथा २ पटक बृहत अनुगमन गरिएको ।
- बाल विवाह अन्त्यका लागि रणनैतिक योजना तयार गरिएको ।
- सहकारी ऐन २०७४ संसोधन भएको ।
- कार्यालय परिसरको सहि सदुपयोग भएको ।
- वडा नम्बर ३ मा जेष्ठ नागरिकहरुका लागि खुसियाली घर निर्माण भएको ।
- खजुरा गाउँपालिकाको रु. २ करोड मा प्रशासनिक भवन निर्माण भएको ।
- पालिकाको १५ बर्षे दिर्घकालिन योजना तयार गरेको ।
- बृहत खजुरा सम्मेलन सम्पन्न भएको ।
- बिषयगत समितिहरु बनाई काम भईरहेको ।
- गाँउपालिकाले पाश्वचित्र प्रकाशनको तयारीमा रहेको ।
- गुरुयोजना अनुसार काम भईरहेको ।

## गाउँपालिकाका मुख्य गतिविधिहरु :

## डिजिटल खजुरा गाउँपालिका
















## सुशासन तथा पारदर्शीता :

- खजुरा गाँउपालिकाले आ.ब. २०७५/०७६ र आ.ब. २०७६/७७ मा नियमित रुपमा सार्वजनिक सुनुवाई गरेको छ ।

## सार्वजनिक परीक्षण :

- योजनाहरुको सार्वजनिक परीक्षण गर्नुपर्ने प्रावधान अनुसार सार्वजनिक परिक्षण गर्ने गरेको छ तर कतिपय सार्वजनिक परीक्षणहरु प्रक्रिया पुरा गर्ने गरि मात्र गरेको पाईएको छ ।

## सूचना प्रवाह :

- गाउँपालिकाले सूचना शाखाको स्थापना गरि प्रभावकारी रुपमा कार्य गरिरहेको ।

- आर्थिक तथा प्रगति बारेको सूचना प्रकाशन तथा प्रशारण गर्ने गरेको ।
- गाउँपालिकाको वेवसाईड सञ्चालन अद्यावधिक रुपमा सञ्चालीत ।
- गाउँपालिकाले सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको ।
- गाउँपालिकामा डिजिटल सूचना पार्टि तथा सूचना पार्टीको प्रयोग गरिएको ।

**योजना तथा कार्यक्रम :**

- विभिन्न गौरवका योजनाहरु सञ्चालन ।
- गाउँपालिका भरी एक आर्थिक बर्षमा १६ कि.मि. सडक कालोपत्रे गर्ने लक्ष्य अनुरुप काम भएको ।
- क्षेत्रगत बिकास ।
- ज्ञानोदय र जनता बिद्यालयलाई नमुना बिद्यालय को रुपमा पूर्वाधार विकास ।
- वडा नम्बर ६ पुरैनामा २१ विगाह सरकारी जमिनमा औद्योगिक ग्रामका लागि तारबार भएको ।
- प्रत्यक्ष रोजगार मुलक कार्यक्रम सञ्चालन ।
- आय आर्जनकालागि सिपमुलक कार्यक्रमहरु सञ्चालन ।
- जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन ।

**आर्थिक शाखा :**

- कुल प्राप्त बजेट रु.७९,७१,६१,५९५.८१
- आ.वको अनुमानित राजश्व रु.२ करोड ६२ लाख
- कुल राजश्व संकलन रु. १, ३१,४८,६६६.८६
- आ.वको खर्च रु. ६१,३२,७७,०१९.६६
- गत आ.वको पेश्की बेरुजु रु. १८ लाख ८ हजार
- कुल खर्च प्रतिसत ७६.९%

**रोजगार शाखा :**

- प्रत्येक वडामा रोजगार उपभोक्ता समिती गठन ।
- मैटहवा विद्यालयको खेल मैदान निर्माण ।
- फोहोर व्यवस्थापन तथा सरसफाई कार्यक्रम सञ्चालन ।
- काली मन्दीर जाने बाटो निर्माण ।
- वडा न. ४ को बस्ति, विद्यालय र बजार जोड्ने बाटो मर्मत ।
- ने.रा प्रावि बसन्तपुरमा खानेपानी ट्यांकी तथा धारा निर्माण ।
- जनता मावि बठवामा विद्यालय पर्खाल निर्माण ।
- घिया शिव मन्दिरदेखी करान्तीपुर जाने बाटो निमार्ण तथा ग्राभेलिंग ।

**कृषि तथा पशु शाखा :**

- मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तरगत १०० जना बिपन्न बर्गलाई बाखा वितरण
- बार्षिक १००५ पशु (गाई , भैसी) लाई कृत्रीम गर्भाधान सेवा
- पकेट क्षेत्रको रुपमा जमुना पारी र क्रस जातका बाखा र बोयर क्रस बोका बितरण
- १०० प्रतिशत अनुदानमा ब्यवसायिक पशु फर्मलाई च्यापकटर मेसीन वितरण
- उन्नत घाँसका बेर्ना वितरण
- ११० वटा पशु विमा गरेको । पशु परामर्श सेवा प्रभावकारी भएको ।
- विभिन्न वडामा बाख्राको पकेट क्षेत्रका विकासकालागि समुह गठन भएको ।

**महिला तथा बालबालिका :**

- असहाय बालबालिकाका लागि कोषको स्थापना ।
- बालअधिकार कार्यविधि निर्माण ।
- हिंसा पीडित महिलालाई सिपमुलक तालिम ।
- घुम्ती शिविरमा मार्फत घरदैलोमा सेवा ।
- अपांगता भएका ब्यक्तिहरुलाई ६ थान, ट्रे साईकल र १ थान ह्वेल चेयर वितरण ।
- १२ जना हिंसा पिडित महिलालाई हाउस किपिङ्ग तालिम ।
- विभिन्न अभियान संचालन ।
- श्रमिक दिवसमा नगद सहित प्रत्येक वडाका महिला श्रमिकलाई सम्मान ।
- वडा नं. ५ र ६ मा जेष्ठ नागरिक परिचयपत्र सिविर, १८०२ जनालाई परिचय पत्र ।
- विपन्न ५० जना महिलालाई सपिङ्ग ब्याग निर्माण तालिम ।
- चालु खर्च ६६ प्रतिशत र पुजिगत तर्फ ३४.७३ प्रतिशत गरि कुल ५६.८६ प्रतिशत ।
- ३ लाख बरावरको विपन्न तथा असहाय अनाथ वालवालिकाहरुकालागि कोष स्थापना ।
- **प्राविधिक शाखा :**
- ई विडिङ्गमा १५ प्रतिशत कन्टिन्जेन्सी कोष हुने हुँदा योजना विलोमा ठेक्का भएपनि काम राम्रो गर्न सकिने ।
- गुरुयोजना अनुसार डिपिआर तयार गरि काम गर्ने गरेको ।
- ठुला योजनाको पटक पटक नक्सा र डिपिआर तय गरी परिवर्तन गर्नुपरेकाले काम ढिलाई भएको ।
- ११३ वटा योजना संचालन भएकोमा सवै योजनामा प्राविधिकहरुको अगुवाईमा काम भएको ।
- प्राविधिकहरुले योजनाको काम र ईष्टिमेट अनुसार भएमा भुक्तानिका लागि नरोकेको ।
- वडाका प्राविधिकहरुबाट वडाका योजनाका काम भएको ।

**गाउँपालिकाको स्थलगत अवलोकन गर्दा तपसिल बमोजिमका तथ्यहरु फेला परेका छन् ।**

| **सवल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
|---|---|
| ▪ व्यवस्थित कार्यालय सञ्चालन ।<br>▪ गाँउपालिकामा बिकासे योजनाहरु तिब्र रुपमा सञ्चालन भएको ।<br>▪ गँउपालिकामा सूचना पार्टी उचित स्थानमा राखिएको ।<br>▪ कार्यालय प्राङ्गणको समुचित उपयोग गरिएको ।<br>▪ सेवा ग्राहीहरुले प्रभावकारि सेवा पाईरहेको ।<br>▪ कर्मचारीहरुको व्यवहार राम्रो भएको ।<br>▪ योजनाका कामको भुक्तानि समयमै हुने गरेको ।<br>▪ उपभोक्ता समिति मार्फत काम छिटो छरितो भई स्थानीयलाई रोजगारी श्रृजना भएको । | ▪ सूचना अधिकारीको व्यवस्था गरिएको, गुनासो पेटिकाको प्रयोग नभएको ।<br>▪ सबै योजना/परियोजनामा सूचना पार्टी राख्नुपर्ने ।<br>▪ नागरिक सहायता कक्ष व्यवस्थित गर्नुपर्ने ।<br>▪ डिजिटल सूचना पार्टिलाई प्रभावकारि रुपमा सञ्चालन गर्नुपर्ने ।<br>▪ व्यवस्थित पार्किङ्को व्यवस्थापन गर्नुपर्ने ।<br>▪ नागरिक बडापत्र सेवाग्राहीको पहुँचमा हुनुपर्ने ।<br>▪ केही शाखाहरु अपांग मैत्री नभएको । |

**अभिलेखिकरण :**

| **सवल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
|---|---|
| ▪ गाउँपालिकाको अभिलेखिकरण चुस्त, दुरुस्त गर्ने प्रयास भएको ।<br>▪ जन प्रतिनिधि र कर्मचारी बिच, समन्वय, सहकार्य राम्रो भएको ।<br>▪ गाउँपालिकाको वेवसाईट नियमित रुपमा अपडेट गरिएको ।<br>▪ ई सेवाको उचित प्रबर्द्धन गर्दै आएको ।<br>▪ कार्यालयको सम्पूर्ण शाखाहरुको निगरानीका लागि सिसिटिभि क्यामेराको राम्रो उपयोग गरिएको । | ▪ प्रविधिको उपयोगिता सिप र दक्ष जनशक्तिको खाँचो ।<br>▪ स्वस्फूर्त त्रैमासिक रुपमा सूचना आम नागकिरहरुले थाहा पाउने गरी प्रकाशन प्रसारण गर्नुपर्ने ।<br>▪ अभिलेखको पारदर्शिता र दिगो भण्डारण गर्नुपर्ने ।<br>▪ अभिलेखिकरणलाई डिजिटलमार्फत सर्वसाधारणको पहुँचमा पुर्‍याउनुपर्ने ।<br>▪ शाखागत उपलब्धीहरुलाई नियमितरुपमा संकलित गर्नुपर्ने । |

**अन्तरवार्ता तथा समुहगत छलफलबाट प्राप्त तथ्यहरु :**

| **सवल पक्ष** | **सुधार गर्नुपर्ने पक्ष** |
|---|---|

- राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्बन्ध तथा समन्वय बढाउने प्रयास भएको ।
- ई विडिङ्ग ।
- प्रभावकारी समन्वय तथा सहकार्य ।
- सँघ, संस्था बिचको समन्वय प्रभाबकारी भएको ।
- पूर्वाधार विकास योजनाहरु कार्यान्वयनमा आउनु ।
- समृद्ध खजुराको अभियानले तिब्रता पाएको ।
- आन्तरिक सुशासनका लागि प्रयासरत ।
- बिकास निर्माणका कार्यहरुको अनुगमन ।
- शैक्षिक पूर्वाधारमा विकास ।
- जेष्ठ नागरिक सिविर प्रभावकारि भएको ।
- समग्र पालिकाको सेवा प्रवाह चुस्त दुरुस्त ।
- रोजगार मुखि कार्यक्रमहरु सञ्चालन भएको ।
- कोरोना भाइरस व्यवस्थापनको कार्यमा जनप्रतिनिधिहरुको भूमिका प्रभावकारि भएको ।
- १०१ बुदे प्रतिवद्धता घोषणा गर्दै बृहत खजुरा सम्मेलन सम्पन्न भएको ।
- आ.व २०७६/०७७ असार सम्म १६ वटा कार्यपालिका बैठक र २ पटक गाँउ सभा सम्पन्न भएको ।
- उत्कृष्ट कर्मचारीलाई सम्मान गर्ने गरिएको ।

- स्थानिय स्तरमा योजना सञ्चालन गर्दा अनिवार्य स्थानीयहरुको सहभागिता हुनुपर्ने
- योजनाहरुको अनुगमनमा वडाका पदाधिकारीहरुको चासो तथा सहभागिता हुनपर्ने ।
- आर्थिक कारोबार गाँउपालिका केन्द्रीत हुदा वडा ब्यवस्थापनमा केही कठिनाई ।
- कृषि कार्यलाई बढावा दिन आवश्यक पहल गर्नुपर्ने (बिद्युत, पानी)
- वडाबाट माग गरेका योजनाहरु ओझेलमा परेको भन्ने नागरिक आशंका रहेको ।
- तथ्याँक संकलन गर्दा स्थानीयलाई प्रयोग नगर्दा वास्तविक तथ्यांक नआएको (राहत) वडालाई जिम्मा दिएमा राम्रो हुने ।
- शिक्षामा भौतिक विकास राम्रो तर गुणस्तरमा कमी (जनशक्ति)
- सम्भाब्यता अध्ययन गरेर बजेट खर्च गर्नुपर्ने ।
- योग्यता र क्षमता अनुसारको जिम्मेवारी दिनुपर्ने ।
- डिजाईनिङ्गमा समस्या (एकै बर्षमा एकै योजनामा २ पटक बजेट विनियोजन) ।
- योजनाको बारेमा स्थानीयहरुलाई जानकारी नभएको
- टुक्रे ठेक्का पट्टाले योजना अपुरो हुनु
- दरबन्दि अनुसार कर्मचारीहरुको ब्यवस्थापन
- एक वडा एक प्राविधिकको ब्यवस्था
- पुराना भवनको जिर्णोद्धार तथा मर्मत गर्नुपर्ने ।
- बजेट ब्यवस्थापन गर्नुपर्ने ।
- मेलमिलाप कर्तालाई उचित सेवा हुनुपर्ने ।
- अनुगमनलाई थप प्रभावकारि बनाउनुपर्ने

| | |
|---|---|
| | • लागत सहभागितालाई प्रभावकारी बनाउनुपर्ने ।<br>• बजेट दामासाई रुपमा बाडफाड नगरी भुगोल र जनसख्याको आधारमा विनियोजन हुनुपर्ने ।<br>• वडामा अनुगमन गर्दा वडा अध्यक्षलाई जानकारी हुनपर्ने ।<br>• उत्कृष्ट काम गर्ने वडा तथा शाखाहरुलाई कामको आधारमा मूल्यांकन गर्नुपर्ने<br>• GESI Focal Person तोक्नु पर्ने ।<br>• लैंगिक उत्तरदायी बजेटमा ध्यान दिनुपर्ने ।<br>• विषयगत समिति र विषयगत शाखा विचको समन्वय हुनुपर्ने ।<br>• योजना स्थलमा सुचना पार्टि राख्नुपर्ने । |

**नागरिक प्रतिबेदन पत्र तथा बर्हिगमन अभिमत बाट प्राप्त तथ्यहरु :**

| सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष |
|---|---|
| • कर्मचारीको व्यवहार राम्रो ।<br>• बाटो घाटोको सुविधा ।<br>• कार्यालय वातावरण शान्त भएको । | • खानेपानीको ब्यवस्थापन गर्नुपर्ने ।<br>• राजश्व बढाएकाले घटाउनु पर्ने ।<br>• हेल्प डेस्क ब्यवस्थित गर्नुपर्ने । |

**गाउँपालिकाका समस्याहरु :**

- पेश्की बेरुजुको चाप ।
- गौरवका योजनाहरुमा इस्टिमेट र योजनामा समस्या हुँदा समयमै काम हुन नसकेको ।
- ठेकेदारहरुले समयमै काम नगर्दा भुक्तानि रोक्नुपर्ने र समयमा काम नहुने ।
- बिषय बिज्ञहरुको कमी ।
- सिमित स्रोत, असिमित जनताका माग ।
- कानुन निर्माण समयमा हुन नसक्नु ।
- संघिय सरकारले थोपारेको दरबन्दि ।
- संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कमी ।

- प्राविधिक तथा शिपमुलक तालिम निकै न्यून ।
- तथ्यांकको अभावले लक्षित बर्गसम्म पुग्न नसकिएको ।
- परम्परागत अभ्यासहरु ।
- स्थानीय स्तरमा जनसहभागिता, लागत सहभागिता, अपनत्व तथा स्वामित्व जुटाउन नसक्नु ।
- आ.ब.को अन्तमा रकम निकाशा हुने कारणले योजनाहरु अधुरो रहने ।

**सुधारका लागि चाल्नु पर्ने कदम तथा सुझावहरु :**

- श्रोतको उपलब्धता बढाउनु पर्ने ।
- आन्तरीक सुशासनमा अझ जोड दिनु पर्ने ।
- सूचना प्रबाहलाई थप व्यापकता दिनु पर्ने ।
- बिभिन्न योजना, आयोजनाहरुको अनुगमन नियमित प्रभावकारि ढंगले गर्नु पर्ने ।
- हेलपडेस्क ब्यवस्थापन गर्नु पर्ने ।
- नियमित नीति, निर्देशिका बारे अभिमुखिकरण सञ्चालन गर्नु पर्ने ।
- आवश्यकताको आधारमा योजना तयार गर्नुपर्ने ।
- आय आर्जन र स्वरोजगार मुलक कार्यक्रममा जोड दिनुपर्ने ।
- अनलाईन सेवा प्रवाहलाई जनताको पहुँच र जानकारीकालागि सहजिकरण गर्नुपर्ने ।
- नीति नीयमहरुको जनप्रतिनिधि तथा कर्मचारीहरुलाइ अभिमुखिकरण गर्नुपर्ने ।
- सामाजिक परीक्षणको प्रतिवेदन छलफल कार्यक्रममा केहि वडा अध्यक्ष र पालिका सदस्यहरुको सहभागिता बढाउनुपर्ने ।

## खजुरा गाउँपालिकाद्वारा संचालित केही आयोजनाहरु :





खजुरा ३ मा निर्माणाधिन चिल्ड्रेन पार्क ।

**आयोजनाको नाम :** चिल्ड्रेन पार्क निर्माण योजना

**आयोजनाको कुल लागत रकम :** १४ लाख

**लगानी :** संसद विकास कोष

**आयोजनाको अवधि :** २०७७ असार २ देखि २५ सम्म ।

**उपभोक्ता समिति गठन :** ७ सदस्सीय

**योजना :** पार्क निर्माण, फूल बिरुवा रोप्ने, झुला जडान, पेन्टीङ्ग आदी

## लक्षित समुह छलफलको क्रममा उठेका सवालहरु :



चिल्ड्रेन पार्क निर्माण समितिसँग समुह केन्द्रीत छलफल गर्दै ।

- काम प्रभावकारि भएको ।
- बालवालिका सँगै अन्य व्यक्तिहरुका लागि उपयोगी हुने ।
- शहरको नजिक भएकाले पर्यटकिय दृष्टीले उपयुक्त ।
- बालबालिकाहरुका लागि खेल्ने उपयुक्त स्थान ।
- गाँउपालिकाको राम्रो सहयोग
- समिति पूर्ण सक्रिय ।
- योजना समयावधि निकै छोटो
- लकडाउनले केही समस्या
- योजनाको काम पूर्ण भएको पाईएन ।
- योजना स्थलमा सूचना पाटीं टास नगरेको पाईयो ।

## गाँउपालिकाद्वारा संचालीत केही आयोजनाहरु :



**आयोजनाको नाम :** खेलकुद मैदान तथा प्यारािफड निर्माण

**आयोजनाको कुल लागत रकम :** २० लाख

**लाभाम्बित सख्या :** ५१७ जना

**आयोजनाको कुल लम्वाई :** ४५ मिटर

**आयोजनाको अवधि : २०७७ चैत्र**

वडा नम्बर ४ डि गाँउमा निर्मित प्यारािफड ।

### आयोजना स्थलमा समुह केन्द्रित छलफलमा उठेका बिषयहरु :



योजना स्थलमा स्थानीयहरुसँग छलफल गर्दै ।

- समयमा नै काम सम्पन्न ।
- राम्रो प्राविधिक सहयोग ।
- समयमै निकासा ।
- काम प्रभावकारि भएको ।
- योजना स्थलमा सुचना पार्टि नभएको ।
- योजना फच्यौटमा सहजता ।
- स्थानीयहरुमा योजना बारे खासै चासो नदेखिएको ।
- खेलकुदका लागि उपयुत्त भौतीक संरचना निर्माण भएको ।

## खजुरा गाउँपालिकाद्वारा संचालित केही आयोजनाहरु :




आयोजना अर्न्तगत निर्माण सम्पन्न कालोपत्रे सडक ।

**आयोजनाको नाम :** जेनिथ माध्यमिक विद्यालय जाने बाटो कालोपत्रे

**आयोजनाको कुल लागत रकम :** २०,००,०००

**आयोजनाको कुल लम्वाई :** २०० मिटर

**आयोजनाको अवधि :**

**उपभोक्ता समिति गठन :** ठेक्का मार्फत भएको

**प्रगति :** शत प्रतिशत ।

**आयोजना अवलोकनको क्रममा पाईएका तथ्यहरु :**

- काम प्रभावकारी रुपमा सम्पन्न भएको ।
- सडकले बिद्यार्थीहरुलाई आवत जावतमा सहजता ल्याएको ।
- स्थानीयहरुले प्रत्यक्ष लाभ हासिल गरेको ।
- काम समयमा नै सम्पन्न भएको ।
- काम छिटोछरीतो र प्रभावकारी भएको
- कार्य स्थलमा सूचना पार्टी नभेटीएको ।
- आधा बाटो कच्ची हुदा पिच चाडै उम्कने सम्भावना ।
- स्थानीयहरुलाई योजना बारे जानकारी नभएको ।

## गाँउपालिकाद्धारा संचालीत केही आयोजनाहरु :



**आयोजनाको नाम :** भवन मर्मत तथा वाल पर्खाल निर्माण योजना

**आयोजनाको कुल लागत रकम :** ५ लाख गाँपा र ४२ हजार २७९.५३ श्रमदान

**लाभाम्बित सख्या :** ५१७

**जम्मा समिति सख्या :** ९ जना

**आयोजनाको कुल लम्वाई :** ४४ मिटर

**आयोजनाको अवधि :** २०७७ जेष्ठ २ देखि असार २० सम्म

जनकल्याण आधारभुत बिद्यालय ६ शान्तिनगरमा निर्माण सम्पन्न पर्खाल ।

## आयोजना स्थलमा समुह केन्द्रित छलफलमा उठेका बिषयहरु :




- काम प्रभावकारि र राम्रो भएको ।
- आयोजना स्थलमा सूचना पार्टी राखिएको ।
- प्राविधिक समस्या देखिएको (योजनाको ईस्टीमेट भन्दा सामाग्री फरक) ।
- बिद्यालय र बिद्यार्थीहरुलाई प्रत्यक्ष फाईदा पुगेको ।
- योजना स्थलमा आधा क्षेत्रमा मात्रै पर्खाल हुदा योजना अपुरो हुन पुग्नु ।

## गाँउपालिकाद्वारा संचालीत केही आयोजनाहरु :



जन सेवा माबि खजुरा ६ गिजरा ।

**आयोजनाको नाम :** बाउण्ड्री तारबार र जालि जडान योजना

**आयोजनाको कुल लागत रकम :** ५ लाख

**लाभाम्बित सख्या :**

**आयोजनाको कुल लम्वाई :** ३५४ मिटर तारबार

**आयोजनाको अवधि :** २०७६ पौष मसान्त देखि २०७७ जेष्ठ मसान्त

**अनुगमनको क्रममा प्राप्त तथ्यहरु :**

- काम राम्रो र प्रभावकारि भएको ।
- गाउँपालिकाले २ पटक अनुगमन गरेको ।
- योजनाको सम्पूर्ण निकासा भईसकेको
- प्राविधिकहरुको राम्रो सहयोग प्राप्त ।
- योजना स्थलमा सूचना पाटि नभएको ।
- जमिनको संरक्षण ।

## गाँउपालिकाद्वारा संचालीत केही आयोजनाहरु :



खजुरा गाँउपालिका ६ जनता नगर एकलाईनि देखि गीजरा सम्म जोड्ने सडक ।

**आयोजनाको नाम :** माटो पटान तथा ग्राविल योजना ।

**आयोजनाको कुल लागत रकम :** ५ लाख

**लाभाम्बित सख्या :**

**आयोजनाको कुल लम्वाई :** ३५४ मिटर

**आयोजनाको अवधि :** २०७६ पौष मसान्त देखि २०७७ जेष्ठ मसान्त

**प्राप्त तथ्य :**

योजना स्थलमा सूचना पार्टी नभेटिएको, लेवल नमिलेको, स्थानीयहरुलाई योजना बारे थाहा नभएको, ठेकेदारको बारेमा स्थानीयहरुलाई जानकारी नभएको, सार्वजकि परिक्षण बारे थाहा नभएको ।

## गाँउपालिकाद्धारा संचालित गतिविधिहरुका तस्वीरहरुः









मैटहवा विद्यालयको खेल मैदान निर्माण तथा वडा न. ४ को बस्ति, विद्यालय र बजार जोड्ने बाटो मर्मत तथा सम्भार ।









ने.रा प्रावि बसन्तपुर खानेपानी ट्याकी तथा धारा निर्माण तथा जनता मावि बठवा विद्यालय पर्खाल निर्माण ।






घिया शिव मन्दिरदेखी करान्तीपुर  बाटो निमार्ण तथा ग्राभेलिंग ।







सामाजिक परिक्षण कार्यक्रममा बोल्दै गाँउपालिका अध्यक्ष किस्मत कुमार कक्षपति माथि तथा कार्यक्रमको एक झलक तल ।

---

**सामाजिक परीक्षकहरु :**

१. सामाजिक परीक्षकको नाम : हेमराज भट्ट

२. सामाजिक परीक्षकको नाम : छबिलाल सुनार

**संस्थाको नाम :** बागेश्वरी असल शासन क्लब (बास)

..................

नमस्कार शाह

कार्यकारी निर्देशक, बास